# बेलका नगरपालिका

## लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा कोडिङ

## आर्थिक बर्ष २०८०/८१

## प्रतिवेदन


बेलका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

कोशी प्रदेश, नेपाल ।

## विषयसूची


खण्ड एक परिचय : ........ 3

१.१ पृष्ठभूमि........ 3

१.२ लैङ्गिक उत्तरदायी बजेटको विकासक्रम........ 3

१.३ परिभाषा र अर्थ ........ 4

१अध्ययन ४.को महत्व ........ 4

खण्ड दुई लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन : ........ 6

२लैङ्गिक उत्तरदायी बजेट तर्जुमाका उद्देश्यहरु १. ........ 6

२.२ लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन ........ 6

खण्ड तीन लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रकृया :........ 8

३.१ योजना तर्जुमामा लैङ्गिक विषयवस्तुको एकीकरण........ 8

३.२ लैङ्गिक उत्तरदायी बजेट तथा राजस्व अभिवृद्धि ........ 8

३.३ लैङ्गिक उत्तरदायी बजेट कोडिङ्ग ........ 9

३.४ लेखा प्रणालीमा लैङ्गिक विषयवस्तु ........ 10

३.५ स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा प्रविष्टि ........ 10

खण्ड पाँच : ........ 12

५.१ लैङ्गिक उत्तरदायी बजेट कोडिङ........ 12

५.२ लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा कार्यान्वयन दृष्टिकोणबाट सवल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु........ 13

५र्जुमा तथा कार्यान्वयन कार्ययोजनालैङ्गिक उत्तरदायी बजेट त ३. ........ 15

५निष्कर्ष तथा सुझाव ४.........16

अनुसूची १ : लैङ्गिक उत्तरदायी बजेट कोडिङ ........ 17

अनुसूची २ : नगरपालिकाका नीति कार्यक्रममा भएका लैङ्गिक समावेशी प्रावधानहरु........ 36

## खण्ड एक : परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधानले सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन, कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगर्ने प्रतिवद्दता सहित नागरिकहरुलाई समानताको हकको प्रत्याभूत गरेको छ । नेपाल विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय अभिसन्धिहरूको पक्ष राष्ट्र भएकाले लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणलाई कानुनी रूपले स्वीकार गरी अन्तराष्ट्रिय प्रतिवद्दता समेत व्यक्त गरेको छ । प्रदेश तथा स्थानीय तहहरूले संविधान एवम् अन्य प्रचलित कानून बमोजिम वि.सं. २०७५ सालदेखि आफ्नो योजना तथा बजेट तर्जुमा तथा कार्यान्वयन गर्दै आएका छन् ।

आर्थक वर्ष २०६४/६५ देखि नेपाल सरकारका सबै मन्त्रालयहरूले लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास गर्दै आएका छन् । प्रत्येक मन्त्रालयले वार्षिक कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेटको मान्यतालाई समावेश गरी तदनुरुप प्रतिवेदन गर्ने गरेका छन् ।

नेपाल सरकारले लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश र स्थानीय तहको बजेट प्रणालीमा समेत समावेश गर्ने नीति लिएको छ । अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखा मातहत लैङ्गिक उत्तरदायी बजेट समिति गठन गरी अर्थ मन्त्रालयले प्रदेश तथा स्थानीय तहसँगको सहकार्यमा नमूना निर्देशिका २०७७ तयार गरेको र निर्देशिकाले प्रदेश तथा स्थानीय तहबाट बजेट विनियोजन गरिएका कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूको वर्गिकरण गर्नुपर्ने र ती क्रियाकलापहरूले महिला सशक्तिकरण तथा लैङ्गिक समानतालाई योगदान पुऱ्याउने विश्वास लिईएको छ ।

यस सन्दर्भमा बेलका नगरपालिकाले आफ्नो समग्र योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कनमा लैङ्गिक समानता मूलप्रवाहिकरण गर्न आर्थिक बर्ष २०८१/८२ को लैङ्गिक उत्तरदायी बजेट तर्जुमा, कोडिङ्ग तथा कार्यान्वयन योजना तयार गरी यो प्रतिवेदन गरिएको छ ।

### १.२ लैङ्गिक उत्तरदायी बजेटको विकासक्रम

लैङ्गिक उत्तरदायी बजेटको विकासक्रमलाई नियाल्दा सर्वप्रथम सन् १९८४ मा अस्ट्रेलियाबाट सुरु भएको देखिन्छ महिला बजेटको रूपमा। खास गरी सन् १९९५ मा संयुक्त राष्ट्रसङ्घले आयोजना गरेको बेइजिङ सम्मेलन र सन् २००० को बेइजिङ जोड ५ सम्मेलन पश्चात् लैङ्गिक उत्तरदायी बजेटको अवधारणाले विश्वको ध्यानाकृष्ट गरेको पाइन्छ । महिला बजेट (Women Budget), लैङ्गिक बजेट (Gender Budget), लैङ्गिक संवेदनशील बजेट (Gender Sensitive Budget), लैङ्गिक बजेट पहल (Gender Budget Initiative), लैङ्गिक उत्तरदायी बजेट (Gender Responsive Budget) जस्ता नामले हाल विश्वका ९० मुलुकहरूमा यो बजेट लागु भएको देखिन्छ । अन्य मुलुकहरूमा पनि यो बजेट लागु गर्ने प्रयास भइरहेको पाइन्छ ।

महिलाहरू पुरुषको तुलनामा शिक्षा स्वास्थ्य लगायतका आधारभूत जीवनोपयोगी सुविधाबाट पछि परेको विश्वव्यापी आँकलनका बिच सन् १९९५ मा संयुक्त राष्ट्रसङ्घले चिनेको वेइजिङ्गमा आयोजना गरेको चौथो विश्व महिला सम्मेलन (बेइजिङ सम्मेलन) मा लैङ्गिक मूलप्रवाहीकरणलाई एक प्रमुख रणनीतिको रूपमा लिई १२ वटा क्षेत्रहरूमा परिवर्तनको प्रतिबद्धता व्यक्त गरेको थियो । सोको पाँच वर्षपछि समीक्षा गर्दा बेइजिङ सम्मेलनले तय गरेका प्रतिबद्धता अनुसार वित्तीय विनियोजन नभएकाले अपेक्षाकृत उपलब्धि हासिल हुन नसकेको निष्कर्ष निकालेको थियो । तत्पश्चात् लैङ्गिक समानता हासिल गर्न बजेटको पनि व्यवस्था गर्नुपर्ने महसुस भई लैङ्गिक उत्तरदायी बजेट तर्जुमा विधिको प्रयोगमा विश्वको ध्यान आकृष्ट भएको हो ।

नेपालमा लैङ्गिक उत्तरदायी बजेटको विकासक्रमलाई हेर्दा छैटौँ योजना (२०३७-४२) देखि महिला विकासका विषयलाई विकास योजनामा समावेश गर्न थालिएको र नवौँ योजना (२०५४-५९) देखि लैङ्गिक समानता र सशक्तीकरणको नीति अवलम्बन गर्दै आएको पाइन्छ ।

आर्थिक वर्ष २०६२/६३ को बजेट वक्तव्यमा लैङ्गिक समानता प्रति नेपालले गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्न सरकारी खर्चलाई लैङ्गिक उत्तरदायी बनाउने सोच व्यक्त भएपश्चात् सो प्रक्रियालाई संस्थागत रूप दिन अर्थ मन्त्रालयमा एक लैङ्गिक उत्तरदायी बजेट समितिको गठनको व्यवस्था भएपछि नेपालमा औपचारिक रूपमा लैङ्गिक उत्तरदायी बजेट प्रणालीको प्रक्रिया सुरु भएको देखिन्छ । आ.व. २०६४/६५ को बजेट देखि बजेट लैङ्गिक वर्गीकरण (प्रत्यक्ष उत्तरदायी, अप्रत्यक्ष उत्तरदायी र तटस्थ) गरी बजेटलाई मूल्याङ्कन गर्ने परिपाटीको विकास भएको देखिन्छ । आ.ब. २०६९/७० मा अर्थ मन्त्रालयले लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन नै तयार गरी प्रयोगमा ल्याएको छ । संघीयताको मर्म अनुरुप अर्थ मन्त्रालयले प्रदेश तथा स्थानीय तहसँगको सहकार्यमा नमूना निर्देशिका २०७७ तयार गरेको र निर्देशिकाले प्रदेश तथा स्थानीय तहबाट बजेट विनियोजन गरिएका कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूको वर्गिकरण गर्नुपर्ने र ती क्रियाकलापहरूले महिला सशक्तिकरण तथा लैङ्गिक समानतालाई योगदान पुऱ्याउने प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका २०७७ जारी गरेपछी प्रदेश तथा स्थानीय तहहरुबाट बार्षिक नीति योजना तथा बजेट प्रकृयामा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा कार्यलाई थालनी गरिएको छ ।

## १.३ परिभाषा र अर्थ

कुल बजेटको अनुमान, आयको आधारको खोजी, विभिन्न शीर्षकहरूमा गरिने विनियोजन र खर्च, खर्चको अभिलेख र लेखाजोखा लगायतका सम्पूर्ण पक्षमा लैङ्गिक समानताको लक्ष्य प्राप्तिलाई केन्द्रमा राखेर उद्देश्यमूलक ढंले, योजनावद्दरूपमा, लैङ्गिक विश्लेषण सहित आर्थिक स्रोतको सुनिश्चितता र उपलव्धताको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रिया लैङ्गिक उत्तरदायी बजेट पद्दति हो ।

"**लैङ्गिक**" शब्दले महिला र पुरुषमा रहेको जैविक भिन्नतालाई, महिला वा पुरुषको कमजोरी वा योग्यता ठानी सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक तरिकाले समाजद्वारा महिला र पुरुषका लागि निर्धारित गर्ने गरिएको भूमिकामा आधारित पहिचानलाई जनाउछ ।

कुनै निश्चित अवधिका लागि राज्यलाई आवश्यक पर्ने कुल बजेटको अनुमान, आयको आधारको खोजी, विभिन्न शीर्षकहरूमा गरिने विनियोजन र खर्च, खर्चको अभिलेख र लेखाजोखा लगायतका सम्पूर्ण पक्षमा लैङ्गिक समानताको लक्ष्य प्राप्तिलाई केन्द्रमा राखेर उद्देश्यमूलक ढङ्गले योजनाबद्ध रूपमा लैङ्गिक विश्लेषण सहित आर्थिक श्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपयोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रिया **- लैङ्गिक उत्तरदायी बजेट** पद्धति भनिन्छ ।

लैङ्गिक उत्तरदायी बजेट भनेको लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणको साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्धरुपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धति हो । लैङ्गिक समानता र आर्थिक उन्नति बीच अर्थपूर्ण सम्बन्ध रहेको हुन्छ । त्यसैले विकास र लगानीका उपलब्धिहरूमा महिला र पुरुषको समान पहुँच पुऱ्याउन विशेष कार्यक्रमहरू र सोको लागि श्रोतको सुनिश्चितता गर्नु अपरिहार्य हुन्छ । यस प्रयोजनको लागि लैङ्गिक उत्तरदायी बजेटलाई एउटा महत्त्वपूर्ण औजारको रूपमा लिइन्छ ।

## १.४ अध्ययनको महत्व

लैङ्गिक उत्तरदायी बजेट भन्नाले महिला र पुरुष दुवैका आवश्यकतालाई सम्बोधन गर्ने गरी तर्जुमा गरिने बजेट भन्ने बुझिन्छ । बजेटमा नीति, कार्यक्रम, बजेट तथा खर्चमा लैङ्गिक संवेदनशीललाई सम्बोधन गर्ने प्रयास गरिएको हुन्छ । लैङ्गिक उत्तरदायी बजेट नतिजा उन्मुख बजेट प्रणाली हो र लैङ्गिक समानताको नीति एवं समष्टिगत आर्थिक नीतिका बिच समन्वय स्थापित गर्ने महत्त्वपूर्ण औजार पनि हो । यो महिलाका लागि मात्र छुट्टै बजेट निर्माण प्रक्रिया होइन । बजेट

तथा कार्यक्रमका सबै पक्षलाई लैङ्गिक संवेदनशीलताको आँखाले हेर्ने प्रक्रिया हो । महिला र पुरुषका बिचमा रहेको अधिकार (Right) जिम्मेवारी र (Responsibility) र परिमाण (Result) को विभेदलाई विश्लेषण गरी योजना, बजेट र कार्यक्रमहरूको उपलब्धि र प्रभावहरूलाई लैङ्गिक आँखाले मूल्याङ्कन गरिन्छ।

उत्तरदायी शब्दले जैविक तथा समाजले निर्धारण गरेको भूमिकामा रहेको सकारात्मक र नकारात्मक पक्षलाई समानताका रूपान्तरण गर्नका लागि कार्यक्रममा बिचार पुऱ्याउनु पर्ने लैङ्गिक संवेदनशीलताको पक्षलाई जनाउँछ । तटस्थतामा आधारित भएर निर्धारण गरिने कार्यक्रमबाट परापूर्वकाल देखि विभेदमा रहेका महिलाहरूले पुरुष सरह सञ्चालन गर्ने कार्यक्रमले महिला र पुरुषका आवश्यकता तथा सरोकारहरूलाई सम्बोधन गर्ने गरी उत्तरदायी बन्नुपर्ने आवश्यकतालाई इङ्गित गर्दछ।

मुलुकको बजेटले महिला र पुरुषको बिकासमा पुऱ्याएको योगदानको परीक्षण तथा लेखाजोखा गरी लैङ्गिक समानता हासिल गर्ने संयन्त्र हो । यो महिला र पुरुषका लागि तर्जुमा गरिने छुट्टाछुट्टै बजेट नभई महिला र पुरुषका आवश्यकतामा संवेदनशीलता प्रदर्शन गर्ने भरपर्दो माध्यम हो । राष्ट्रिय बजेटले महिला र पुरुषलाई समानरुपमा प्रभाव पार्न सक्नु यसको विशेषता हो । यथार्थमा महिला र पुरुषका फरक फरक आवश्यकता र प्राथमिकता हुन्छन् । यसर्थ तीनै तहका सरकारले बजेट तर्जुमा गर्दा यसको अनुशरण गर्नुपर्छ।

महिला र पुरुषका बीचमा रहेका अधिकार, जिम्मेवारी र परिणामहरूको विभेदलाई विश्लेषण गरी योजना, बजेट र कार्यक्रम तर्जुमा गरी खर्च गर्न, योजना, बजेट र कार्यक्रमहरूको उपलब्धि र प्रभावहरूलाई लैङ्गिक आँखाले मूल्याङ्कन गर्न, लैङ्गिक समानता र आर्थिक समृद्धि बीच अर्थपूर्ण सम्बन्ध स्थापित गर्न तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू (उदाहरणका लागि CEDAW, BPFA, UNSCR 1325 and 1820, SDGs) पूरा गरी लैङ्गिक सवालमा नेपालको प्रयासलाई विश्वसामु सकारात्मक रुपमा पुऱ्याउन लैङ्गिक उत्तरदायी बजेट तर्जुमाले मद्दत गर्दछ।

## खण्ड दुई : लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन

### २.१ लैङ्गिक उत्तरदायी बजेट तर्जुमाका उद्देश्यहरु

महिला तथा पुरुषलाई सार्वजनिक वित्तको समतामूलक वितरण भएको सुनिश्चित गर्न बजेट तर्जुमा प्रक्रियामा महिला सशक्तिकरण र लैङ्गिक समानताको प्रवर्द्धन गर्नु हो। बजेट तर्जुमा प्रक्रियाका सबै चरणमा देहाय बमोजिम लैङ्गिक दृङ्गिकोणलाई समावेश गर्नु यो अध्ययनको उद्देश्य होः

१. लैङ्गिक दृष्टिकोणबाट योजनाबद्द प्रयासहरूको विश्लेषण गर्ने,

२. महिला समानता तथा महिला सशक्तिकरणको अभिवृद्धिका लागि लक्षित सार्वजनिक स्रोतहरूको सङ्कलन तथा विनियोजन सुनिश्चित गर्ने,

३. लैङ्गिक अन्तरहरूको सम्बोधन गर्न लगानी सुनिश्चित गर्ने र

४. लैङ्गिक समानता तथा महिला सशक्तिकरणका लागि सरकारी जवाफदेहिता तथा पारदर्शिता अभिवृद्धि गर्ने।

### २.२ लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिका प्रमुख/ गाउँपालिका अध्यक्ष, वडा समिति, स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुगमन तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई स्थानीय तहको योजना, बजेट तथा कार्यक्रम तयारी गर्ने अधिकार दिएको छ। कानूनतः बिभिन्न जिम्मेवारीहरू प्रदान गरिएका मध्येका महत्वपूर्ण जिम्मेवारीको रूपमा लैङ्गिक उत्तरदायी बजेटलाई समावेश गर्न बिभिन्न कार्यहरू गर्नुपर्ने कार्य नमुना निर्देशिका २०७७ ले निर्दिष्ट गरेको छ।

लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा कार्यान्वयनमा संस्थागत व्यवस्था गरी विभिन्न संयन्त्रलाई परिचालन गर्ने ब्यवस्था गरिएको छ।

**स्थानीय राजस्व परामर्श समितिले गर्नुपर्ने कार्यहरु**

कर तथा अन्य राजश्वसँग सम्बन्धित नीति तथा कानुनहरुको प्रभावका बारेमा बिश्लेषण गर्ने, राजश्वका स्रोत, क्षेत्र, दर र महिला तथा पुरुषमा पर्ने प्रभाव तथा लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणका बारेमा प्रत्यक्ष, अप्रत्यक्ष र सकारात्मक वा नकारात्मक प्रभाव पर्ने वा नपर्ने कुराको विश्लेषण गरेर आगामी आर्थिक वर्षको राजश्वको अनुमान गर्ने र

महिला तथा सिमान्तकृत पृष्ठभूमीका महिला सहित सबैका लागि रोजगारी सिर्जना र स्थानीय उद्योग तथा व्यावसायको प्रवर्द्धन गर्ने।

**स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गर्नुपर्ने कार्यहरु**

आन्तरिक आय तथा बाह्य स्रोतबाट प्राप्त हुने रकमको महिला तथा पुरुषमा पर्ने लैङ्गिक भिन्नता र प्रभावको मूल्याङ्कन गर्ने।

लैङ्गिक मूल्याङ्कनमा आधारित भई विषयगत क्षेत्र र कुल बजेट निर्धारण गर्ने। बजेटसीमाले महिलाको जिविकोपार्जन तथा महिलाको आवाजमा प्रभाव पार्ने क्षमता, सशक्तिकरण र बिभेदजन्य निति तथा सामाजिक अभ्यासहरुमा परिवर्तनलाई सम्बोधन गर्न आवश्यक प्रयासको लागि प्रर्यापत स्रोत समेटेको सुनिश्चित गर्ने तथा बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका शर्तमा लैंगिक अवरोधहरुको न्यूकिकरण र लैंगिक समालता तथा महिला सशक्तिकरणको प्रभावका लागि क्षमता अभिबृद्धी गर्न समावेश गर्ने।

**बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नुपर्ने कार्यहरु**

लैङ्गिक खण्डिकृत तथ्याङ्क र लैङ्गिक विश्लेषणात्मक तथ्यहरुबारे सुसूचित हुने,आगामी आर्थिक वर्षको निति तथा कार्यक्रम प्रस्तावमा देहायका कुरा भएको निश्चित गर्ने, महिलाको जिबिकोपार्जन तथा आवाज सशक्तिकरणः स्वास्थ्य, शिक्षा, रोजगारी, अधिकारको दाबी गर्न सक्ने क्षमता, सम्पत्तिमाथि नियन्त्रण क्षमता र बिभेदजन्य नितिअ मानसिकता तथा नितिहरुमा परिवर्तनः यौनिक हिंसा न्यूनिकरण गर्न पुरुष तथा बालकसँग काम गर्ने, निर्णय निर्माण मञ्चहरुमा महिलाको प्रभाव सुधार ल्याउन नीति तथा प्रक्रियाहरुको परिमार्जन आदी ।

## खण्ड तीन : लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रकृया

### ३.१ योजना तर्जुमामा लैङ्गिक विषयवस्तुको एकीकरण

**कार्यपालिकाको जिम्मेवारी**

१. लैङ्गिक विषयवस्तु प्रति गरिएको प्रतिबद्दता र मध्यमकालीन खर्च संरचनामा समावेश गरिएका कार्यक्रमहरूलाई ध्यानमा राखेर योजना तर्जुमा गर्न योजना शाखा/अधिकृतहरूलाई निर्देशन दिने ।

२. योजना अधिकृतहरूलाई विभिन्न पृष्ठभूमि भएका महिलाहरूको जीविकोपार्जन तथा आवाज/सामाजिक सशक्तिकरण तथा संरचनात्मक (structural) विभेदलाई न्यून गर्ने प्रकृतिका कार्यक्रम/आयोजनाहरूको विकास गर्न निर्देशन दिने । जीविकोपार्जन सशक्तिकरणले स्वास्थ्य, शिक्षा, आम्दानी गर्ने क्षमता र सीपहरूलाई सम्बोधन गर्छ । यसैगरी आवाज/सामाजिक सशक्तिकरणले अरूलाई जिम्मेवार बनाउन सक्ने क्षमताको सुदृढीकरण; आत्मविश्वास जगाउन सहयोग र निर्णय गर्न सक्ने र अधिकार दावी गर्न सक्ने क्षमताको विकास गर्दछ । संरचनात्मक विभेद न्यूनीकरणका लागि संस्थागत अवरोधहरू सिर्जना गर्ने औपचारिक तथा अनौपचारिक नीति तथा प्रणालीहरूलाई पनि सम्बोधन गर्नुपर्ने हुन्छ ।

३. निर्दिष्ट लिङ्ग, जातजाति, अवस्थिति र पहिचानमा आधारित विभेदजन्य मूल्यमान्यता तथा अभ्यासहरूमा लक्षित गर्ने, घरायसी कार्यबोझको न्यूनीकरण गर्न चेतना अभिवृद्धि गर्ने उपायहरूको पहिचान गर्ने, बृहत् महिला सशक्तिकरण तथा लैङ्गिक समानताका लागि पुरुष तथा बालिकासँग कार्य गर्ने, छुवाछुत, छाउपडि, बालविवाह र यस्तै अन्य परम्परागत हानिकारक अभ्यासहरूमा विश्वास गर्ने मानसिकता तथा मूल्यमान्यतामा परिवर्तन ल्याउने कार्यक्रम तर्जुमा गर्न ।

४. लैङ्गिक तथा जातीय सांस्कृतिक विविधता विशेष कार्यक्रमको प्रवर्द्धन गर्ने वा विशेष, संरक्षित र स्वायत्त क्षेत्रमा विकास कार्य गर्न विशेष कार्यक्रमहरूका लागि अतिरिक्त बजेट उपलव्ध गराउने ।

### ३.२ लैङ्गिक उत्तरदायी बजेट तथा राजस्व अभिवृद्दि

स्थानीय तहहरूले लैङ्गिक उत्तरदायी बजेटका दृष्टिकोणले राजश्व वृद्धिका लागि निम्न कार्यहरु गर्नुपर्ने हुन्छ;

- महिला तथा पुरुषलाई फरक प्रकारले प्रभाव पार्ने राजस्व अभिवृद्धि नीतिका तथ्याङ्क खण्डिकरण गर्ने ।
- राजस्वको स्रोत एवम् यसको लैङ्गिक प्रभावलाई बुझ्न कसले कर तिर्छ र कर भुक्तानीको बोझ कसरी बाँडफाँट भईरहेको छ भन्ने कुरा पहिचान गर्ने ।
- यस्ता नीतिबाट कस्तो प्रकारका लैङ्गिक तथा शक्ति सम्बन्ध प्रवर्द्धन भईरहेको छ भन्ने विषय पहिचान गर्ने ।
- महिला र पुरुषबीच भुक्तानी हुने र नहुने ज्यालाहरूको समानरूपले वहन गर्ने कार्यलाई प्रवर्द्धन गर्न तथा असमान लैङ्गिक भूमिकालाई निरन्तरता दिने कार्यलाई रोक्ने ।
- देहायका कार्यलाई प्रवर्द्धन गर्ने भएमा कर सहुलियतको व्यवस्था गर्ने ; (क) महिलाको जीविकोपार्जन, (ख) महिलाको आवाज सशक्तिकरण, (ग) विद्यमान विभेदजन्य अभ्यास तथा मूल्यमान्यतामा परिमार्जन गर्ने कार्यमा योगदान दिने तथा लैङ्गिक समानताका संरचनागत अवरोधलाई न्यून गर्ने ।
- न्यून आय भएका स्वरोजगार महिलाको कर तथा लेभीको बोझ न्यून गर्ने ।
- आय तथा पूँजीमा तिर्न सक्ने क्षमतामा आधारित प्रगतिशील करलाई संस्थागत गर्ने ।
- न्यून आयका आम्दानीमा लगाईने करलाई सहुलियतपूर्ण बनाउने ।

- महिला उद्यमी तथा उच्च संख्यामा महिला भएका उद्यमलाई कर प्रोत्साहन उपलव्ध गराउने ।

## ३.३ लैङ्गिक उत्तरदायी बजेट कोडिङ्ग

बार्षिक योजनामा समावेश गरिएका प्रत्येक योजनाको क्रियाकलापहरू समावेश हुनुपर्दछ । यसले योजनाको उद्देश्य हासिल गर्न सघाउ पुर्‍याउँछ । यी क्रियाकलापहरू योजनाको पूर्ण बजेटका लागि हुन्छन् । यसमा स्थानीय तहले महिलालाई लक्षित गर्ने र लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने क्रियाकलापहरू तर्जुमा गरी समावेश गर्नुपर्दछ । नगरपालिकाको लैङ्गिक उत्तरदायी बजेट कोडिङ्ग कार्य नगरपालिकाको योजना शाखाले सहजिकरण गर्नुपर्दछ ।

**सरकारी व्यवस्था, योजना, कार्यक्रम र सेवालाई दुई तहमा लैङ्गिक उत्तरदायी सङ्केत (कोगिङ) गरिन्छ ।**

तह १–योजनाका क्रियाकलापको विकास र वर्गिकरण, र

तह २–योजनाको लैङ्गिक उत्तरदायित्वको लागि सङ्केत (कोडिङ) ।




**पहिलो तह: योजना, कार्यक्रम वा आयोजनाका क्रियाकलापहरूलाई तीन तहमा वर्गीकरण गर्ने :**

(क) **निर्दिष्ट:** महिला तथा बालिका प्रति निर्दिष्ट रूपले लक्षित क्रियाकलापहरू उदाहरणको लागि महिलाहरूको लागि सीप विकास तालिम, बालिकाहरूका लागि छात्रवृत्ति आदि ।

(ख) **सहयोगी:** महिला सशक्तिकरण तथा लैंङ्गिक समानताप्रति उत्तरदायी तथा सोको सहज वातावरणको श्रृजना गर्ने खालका क्रियाकलापहरू उदाहरणको लागि खण्डीकृत तथ्याङ्क सङ्कलन, लैङ्गिक समानताका लागि अध्ययन र सेवा प्रदायकहरूका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम, विभेदजन्य पितृसत्तात्मक मूल्य मान्यताहरूमा परिवर्तनका लागि पुरुष र बालकहरूसँग सहकार्य गर्ने, र

(ग) **तटस्थ:** महिला सशक्तिकरण तथा लैङ्गिक समानताका अवरोधहरूको पहिचान नगर्ने वा सम्बोधन नगर्ने क्रियाकलापहरू

**दोश्रो तह : लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) गर्ने –**

निर्दिष्ट, सहयोगी तथा तटस्थमा वर्गीकरण गरिएका क्रियाकलापहरूका लागि विनियोजित बजेटको जम्मा निकाल्नु पर्दछ ।

| लैङ्गिक वर्गीकरणका आधार | लैङ्गिक वर्गीकरण | लैङ्गिक बजेट कोड |
|---|---|---|
| यदि निर्दिष्ट र सहयोगीमा वर्गीकरण गरिएका क्रियाकलापहरूको बजेटको जम्मा आयोजना तथा कार्यक्रमको कूल बजेटको ६० प्रतिशत वा सोभन्दा माथि भए | निर्दिष्ट | १ |
| यदि निर्दिष्ट र सहयोगीमा वर्गीकरण गरिएका क्रियाकलापहरूको बजेटको जम्मा आयोजना तथा कार्यक्रमको कूल बजेटको १० देखि ५९ प्रतिशत भए | सहयोगी | २ |
| यदि निर्दिष्ट क्रियाकलापको बजेटको जम्मा आयोजना तथा कार्यक्रमको कूल बजेटको ९ वा सोभन्दा कम भए | तटस्थ | ३ |

## ३.४ लेखा प्रणालीमा लैङ्गिक विषयवस्तु

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा उपयुक्त सङ्केत (कोडिङ) सहित योजना तर्जुमा चरणका सबै क्रियाकलापको अभिलेख समावेश गर्नुपर्दछ । सवै कार्यक्रम तथा क्रियाकलापका लागि सङ्केत (कोडिङ) अनिवार्य गर्नुपर्दछ । उपलव्ध गराईएको बजेट सीमा तथा अनुदान कार्यक्रम सङ्केत (कोडिङ) अनुसार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) सहित सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त अनुदानको समेत अभिलेख राख्नु पर्दछ।

लैङ्गिक समानताका कार्यक्रमहरूको कार्यान्वयनको अवस्था सहित बजेट एवम् सम्वन्धित नीतिहरूको कार्यान्वयनको प्रतिवेदन तयार गर्नुपर्दछ। यस्तो प्रतिवेदनमाथि छलफल र आवधिक अनुगमन तथा मूल्याङ्कनका लागि कार्यपालिकामा प्रस्तुत गर्नुपर्दछ । बजेट विनियोजन, सङ्केत (कोडिङ) तथा खर्चको वार्षिक समीक्षा तथा परीक्षण गर्नुपर्दछ।

## ३.५ स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा प्रविष्टि

बजेट विनियोजन तथा खर्च दुवैलाई पहिल्याउनका लागि लैङ्गिक सम्बन्धी निर्दिष्ट, सहयोगी तथा तटस्थ कार्यक्रम एवम् क्रियाकलापहरूका लागि रणनीतिक सङ्केत (कोडिङ) स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा सङ्केत (कोडिङ) प्रदान गर्नुपर्दछ। यसरी स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा सङ्केत (कोडिङ) प्रदान गर्ने कार्य योजना शाखाको सहयोगमा आर्थिक प्रशासन (लेखा) शाखाले गर्नुपर्दछ।

## खण्ड चार : लैङ्गिक उत्तरदायी बजेटको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

स्थानीय तहमा बजेट तर्जुमा प्रक्रियाका दौरान र बजेट तर्जुमाका विभिन्न चरणमा लैङ्गिक उत्तरदायी बजेटका प्रावधान सम्बोधन भए नभएको अनुगमन गर्नुपर्दछ । यसरी प्रतिवेदन तथा अनुगमन कार्यमा लैङ्गिक उत्तरदायी बजेट विज्ञ र महिलाको प्रतिनिधित्व अनिवार्य रुपमा हुनु पर्दछ ।

गाउँ/नगरपालिकाको लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनका सबल पक्षहरू र सुधार गर्नुपर्ने पक्षको पहिचान गर्ने र उक्त पहिचानमा देखिएका तथ्यहरु प्रमुख प्रशासकी अधिकृत तथा सामाजिक समितिको बैठकमा छलफल गर्ने र सामाजिक समितिको संयोजक मार्फत कार्यपालिकामा जानकारी गराउनु पर्दछ । लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनको प्रतिवेदन तथा अनुगमन कार्य सामाजिक विकास शाखाले गर्नुपर्दछ ।

## खण्ड पाँच :

### ५.१ लैङ्गिक उत्तरदायी बजेट कोडिङ

स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेट कोडिङ गर्न निम्न परिवर्तनका क्षेत्रहरुलाई आधारको रुपमा लिई वर्गिकरण गरिएका छन्।

**महिलाहरुको जिविकोपार्जनः** उद्यमशिलता, तलबी रोजगारी र अन्य स्वरोजगारीका कार्यक्रमहरु, जिविकोपार्जनका पूर्वाधारहरु

**आवाज सशक्तीकरण** : स्वास्थ्य, शिक्षा, रोजगारी अधिकारको दावा गर्न सक्ने क्षमता र सम्पति माथिको नियन्त्रण तथा क्षमता विकास कार्यक्रमहरु

**बिभेदजन्य नीतिहरु, मानसिकता तथा अभ्यासहरुमा परिवर्तन** : यौनिक हिंसा नियन्त्रण, निर्णय गर्ने मञ्चहरुमा महिलाको सहभागिता र नेतृत्व स्थापना गर्न, नीति कानुन निर्माण र लागु, अभिमूखिकरण र सचेतनात्मक कार्यहरु, साझा बहस छलफल र अभियानका कार्यहरु, उपचारात्मक कार्यहरु सहभागिता र नेतृत्वमा संलग्न गर्ने कार्यहरु तथा अनुगमन मुल्याङ्कन र परीक्षण आदि।

लैङ्गिक उत्तरदायी बजेटलाई कोडिङ गर्दा निम्न फारम बमोजिम गरिएको छ।

| कार्यक्रम र कृयाकलापहरु | जिविकोपार्जन सशक्तिकरण / आवाज,सामाजिक सशक्तिकरण / बिभेदजन्य मान्यता र अभ्यास न्यूनिकरणलाई सम्बोधन गर्ने कार्यक्रम कृयाकलापहरु | कृयाकलाप बर्गिकरण, लैंगिक उत्तरदायी बजेट संकेत (निर्दिष्ट, सहयोगी, तटस्थ) | बजेट रकम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

बेलका नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को लैङ्गिक उत्तरदायी बजेटको विस्तृत छलफल गरी बार्षिक बजेट कार्यक्रममा समावेश भएका सवै क्रियाकलापहरुको कोडिङ गरिएका छन्। कोडिङको विस्तृत विवरण अनुसूची १ मा समावेश गरीएको छ।

यसरी कोडिङ गर्दा नगरपालिकाको नीति कार्यक्रममा लैङ्गिक उत्तरदायी नीतिहरुको समेत समिक्षा गरिएको छ। नगरपालिकाले लैङ्गिक समानताका लागि तय गरेका नीतिहरुको विवरण अनुसूची २ मा समावेश गरिएको छ।

लैङ्गिक उत्तरदायी बजेट कोडिङको सारांश नतिजा निम्न अनुसार रहेको छ।

| परिवर्तनका क्षेत्र | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| जिविकोपार्जन सशक्तिकरण | २९ | ६% |
| आवाजको सशक्तिकरण | ३८ | ८% |
| विभेदजन्य मूल्यमान्यतामा परिवर्तन | २७ | ६% |
| सान्दर्भिक नहुने | ३५५ | ७९% |
| **जम्मा** | **४४९** | **१००%** |

| वर्गिकरण | संख्या | प्रतिशत |
|---|---|---|
| निर्दिष्ट | १६ | ४% |

| | | |
|---|---|---|
| सहयोगी | ७८ | १७% |
| तटस्थ | ३५५ | ७९% |
| **जम्मा** | **४४९** | **१००%** |

| **संकेत (कोड)** | **बजेट** |
|---|---|
| निर्दिष्ट | ४४५२००० |
| सहयोगी | ३३८०५००० |
| तटस्थ | २६६८५१४०३ |
| **जम्मा** | **३०५१०८४०३** |

| | |
|---|---|
| **लैङ्गिक उत्तरदायी बजेट संकेत** | **२** |

## ५.२ लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा कार्यान्वयन दृष्टिकोणबाट सवल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु

बेलका नगरपालिकामा लैङ्गिक उत्तरदायी बजेट निर्माणका लागि भएका नीतिगत व्यवस्था/प्रयासहरुः-

1. बेलका नगरपालिको लैङ्गिक नीति, २०७८
2. बेलका नगरपालिका, महिला सुरक्षावास संञ्चालन निर्देशिका, २०७७
3. लैङ्गिक हिंसा निवारण कोष संञ्चालन मापदण्ड, २०७७
4. अपाङ्गता सम्बन्धी नीति, २०७५
5. अपाङ्गता परिचय-पत्र वितरण सम्बन्धी कार्यविधि, २०७५
6. विपद पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९
7. स्थानीय विपद तथा जलवायु परिवर्तन उत्थानशिल योजना, २०७९
8. बाल अधिकार संरक्षण तथा संम्वर्द्धन कार्यविधि, २०७८
9. ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०७७
10. न्यायिक समिति कार्यविधि (ऐन), २०७४
11. लैंङ्गिक समानता तथा समावेशिकरण रणनीति, २०७७
12. अतिविपन्न नागरिकका लागि खाध्यान्न वितरण कार्यविधि, २०७५
13. बेलका नगरपालिकाको पदाधिकारीको आंचार संहिता, २०७४
14. बाल संञ्जाल/बालक्लब गठन तथा संञ्चालन मापदण्ड, २०७९

बेलका नगरपालिकामा लैंङ्गिक उत्तरदायी बजेट परिक्षणका लागि भएका संयन्त्र/ सबल पक्षहरुः-

1. लैङ्गिक हिंसा निवारण कोष संञ्चालन तथा व्यवस्थापन समिति
2. महिला सुरक्षावास संञ्चालन/व्यवस्थापन समिति
3. न्यायिक समिति
4. नगर तथा वडा मेलमिलाप केन्द्र र मेलमिलापकर्ताहरु
5. नगर तथा वडा बाल अधिकार समिति
6. बालमैत्री स्थानीय शासन नगर/वडा समिति
7. नगर अपाङ्गता संमन्वय समिति

8. महिला उधमशिलता सहजीकरण केन्द्र संञ्चालन तथा व्यवस्थापन समिति
9. राजश्व परामर्श समिति
10. नगर विपद व्यवस्थापन समिति
11. उधम विकास समिति
12. द्वन्द्ध पीडित कार्ययोजना कार्यन्वयन समिति
13. नगरस्तरीय पोषण तथा खाध्य सुरक्षा निर्देशिक समिति
14. मातृ मृत्यु स्थानीय समिति
15. नगर किशोरी संञ्जाल
16. वडा/ नगरस्तरीय बाल संञ्जाल

बेलका नगरपालिकामा लैङ्गिक उत्तरदायी बजेट परिक्षणका लागि गरिएका कार्यक्रम/अभ्यासहरुः-

क.अभ्यासहरु

- बाल कल्याण कोषको व्यवस्थापन र परिचालन
- लैङ्गिक हिंसा निवारण कोषको स्थापना/व्यवस्थापन र परिचालन
- विपद व्यवस्थापन कोष व्यवस्थापन र परिचालन
- बालमैत्री सिकाईकेन्द्र, बाल सूचना केन्द्रको स्थापना
- स्तनपान कक्ष/ सेनेटरी रिफ्रेसमेन्ट सेन्टरको स्थापना
- महिला सुरक्षावास संञ्चालन तथा व्यवस्थाप
- बालबालिकाको स्थितिपत्र प्रकाशन

ख.कार्यक्रमहरु

- लैङ्गिक हिंसा विरुद्धको अभियान मनाउने तथा लैंगिक हिंसा न्यूनिकरणका लागि टोल/समुदाय तथा वडामा सचेतनामूलक कार्यक्रम/ अन्तर्क्रिया संञ्चालन गरिने,
- महिला विरुद्धको सवै प्रकारका हिंसा अन्त्यको लागि महिला समुह, बालक्लब तथा किशोरी संञ्जाल, महिला जनप्रतिनिधि र महिला कर्मचारीहरुलाई अभिमुखिकरण, क्षमता विकास तालिम संञ्जालन गरिएको।
- महिलाहरुको हक अधिकारको विषयमा कानूनी सचेतना कार्यक्रम,
- महिला र श्रम ऐनमा महिलाको सवाल विषयमा सवाल जवाफ कार्यक्रम,
- बालविवाह, बाल यौन दुर्व्यवहार, लैङ्गिक हिंसा ,मानसिक स्वास्थ्य र लागूपदार्थ दुर्व्यसनी विरुद्ध बालक्लब/ संञ्जालको क्षमता विकास र परिचालन कार्यक्रम,
- बाल विवाह विरुद्ध किशोरी संञ्जाल परिचालन, किशोरी सशक्तिकरण कार्यक्रम,
- हिंसा प्रभावित महिलाको लागि जिविकोपार्जन सहयोग अनुदान कार्यक्रम,
- किशोरी आत्मरक्षा कार्यक्रम
- अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम
- उपमेयर पृष्ठपोषण कार्यक्रम
- हिंसा प्रभावित महिलाको लागि निशुल्क कानूनी सहायता कार्यक्रम,
- पोषणंमैत्री पालिका निर्माण कार्यक्रम
- बालमैत्री स्थानीय शासन पालिका निर्माण कार्यक्रम,

- मानसिक रोगीहरुलाई निशुल्क स्वास्थ्य विमा कार्यक्रम
- मनोसामाजिक कार्यकर्ता र मनोसामाजिक परामर्श,
- लैंङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि अन्तरपुस्ता अन्तर्क्रिया कार्यक्रम आदि।

सुधार गर्नुपर्ने पक्षहरु

- लैङ्गिक हिंसा निवारणको कोषको उच्चतम परिचालनका लागि कोष सम्बन्धी सूचना प्रेषण गर्ने,
- विषयगत समिति,संयन्त्र तथा समितिका पदाधिकारीहरुलाइ सो विषयसम्बन्धी र लैङ्गिक सचेतनाका लागि क्षमता विकास तालिम दिनुपर्ने,
- महिला सुरक्षावासको क्षमता विकास गर्ने तथा बालमैत्री सूचना केन्द्रको स्तरउन्नति र व्यवस्थापन गर्ने,
- कार्यक्रमको प्रभावकारिताको लागि पर्याप्त बजेटको व्यवस्थापन गर्ने,
- बजेट, योजना तथा कार्यक्रम निर्माण गर्दा लक्षित समुह, समुदाय र महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने,
- बजेट, योजना तथा कार्यक्रम निर्माण गर्दा नै लैङ्गिक उत्तरदायी बजेट तथा योजना निर्माणका लागि जनप्रतिनिधि, समितिका सदस्य तथा कर्मचारीहरुको क्षमता विकास र सुनिश्चितता गर्ने।

### ५.३ लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा कार्यान्वयन कार्ययोजना

| कार्यक्रम/ कृयाकलाप | समयतालिका / डेटलाईन | अनुमानित बजेट | बजेटको श्रोत | | जिम्मेवार शाखा | समन्वय सहकार्य |
|---|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य | | |
| गाउँ/नगरपालिकामा GRB तालिमको अनुभव तथा जानकारी आदान प्रदान गर्ने, | असोज १५ | १।०००,००, | ☑ | | जेसी फोकल पर्सन | उपप्रमुख |
| सबै विषयगत समितिको बैठक अनिवार्य गर्ने र त्यसमा GRB सम्बन्धी छलफल तथा विश्लेषण गर्ने | कार्तिक मसान्त | १०।०००, | ☑ | | प्रअधिकृत.प्र. | नगर प्रमुखउपप्रमुख// |
| कोडि कोडिङ्ग गरिएको बजेट कार्यक्रमलाई सुत्र प्रणालीमा समाविष्ट गर्ने। | असोज मसान्त | | | | लेखा शाखा | सामाजिक शाखा प्रमुख |
| आगामी आमा बजेट .व. निर्माणको तयारी चरणदेखी लैङ्गिक उत्तरदायी बजेटलाई समावेश गर्नवडा तथा शाखालाई परिपत्र गर्ने | माघ मसान्त | | | | प्र.अ.प्र. | सामाजिक विकास समिति |

### ५.४ निष्कर्ष तथा सुझाव

बेलका नगरपालिको लैङ्गिक – उत्तरदायी बजेट तर्जुमा तथा कार्यन्वयनको अवस्था विश्लेषण तथा कोडिङ गर्दा आ.व.२०८०/८१ को नीति, बजेट तथा कार्यक्रमहरु लैङ्गिक उत्तरदायी बजेटको कोडिङ् गर्दा १२% अंक प्राप्त गरी सहयोगी देखिएको छ। लैङ्गिक उत्तरदायी बजेटको मूंल्यांङ्कनमा बेलका नगरपालिकाले बजेट संकेत २ सहयोगी प्राप्त गरी सहयोगी देखिदा बजेटको ८७% प्रतिशत बजेट तथा कार्यक्रम तटस्थ/ लैङ्गिक उत्तरदायित्वको आधारमा निरपेक्ष देखिएको हुँदा आगामी आ.ब. देखि नीति, बजेट/योजना, कार्यक्रम तथा संस्थागत संयन्त्रहरुमा सुधार गरी लैङ्गिक दृष्टीयुक्त, लैङ्गिक उत्तरदायी बनाउन आवश्यक देखिन्छ भने जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवाला सबैलाई यस सम्बन्धी अभिमुखिकरण गर्न आवश्यक देखिन्छ।

## अनुसूची १ : लैङ्गिक उत्तरदायी बजेट कोडिङ

लैङ्गिक उत्तरदायी बजेट परिक्षण (आ.व.२०८०/८१)

| बजेट शिर्षक | कार्यक्रम तथा कृयाकलाप | आधार: जिविकोपार्जन सशक्तिकरण / आवाज सशक्तिकरण / विभेदजन्य नीति तथा अभ्यासहरुमा परिवर्तनलाई सम्वोधन गर्ने कार्यक्रम तथा कृयाकलापहरु | कृयाकलाप वर्गिकरुण लैङ्गिक उत्तरदायी बजेट संकेत (कोडिङ्ग) | बजेट रकम रु. |
|---|---|---|---|---|
| ८०१११४०४१०१ वेलका नगरपालिका | | | | |
| १ | 13.02 अति विपन्न खाद्यान्न कार्यक्रम | LivelihoodEmpowerment | IndirectlySupportive-2 | 500,000 |
| ३ | 13.26 इन्धन विपद व्यवस्थापन | NotRelevant | Nutral-3 | 500,000 |
| ४ | 13.23 खोलाहरुको वातावरणीय अध्ययन | NotRelevant | Nutral-3 | 1,000,000 |
| ५ | नदिजन्य पदार्थ नियमनका लागि नियुक्ति हुने म्यादी नगर प्रहरीको सेवा सुविधा र सूचना वोर्ड निर्माण | NotRelevant | Nutral-3 | 1,400,000 |
| ६ | 13.01 विभिन्न लक्षित वर्ग उत्थान कार्यक्रम | ChangeDiscrimination | IndirectlySupportive-2 | 1,500,000 |
| ७ | 13.03 अति विपन्न सहयोग कार्यक्रम | LivelihoodEmpowerment | IndirectlySupportive-2 | 500,000 |
| ८ | 13.04 अति विपन्न उपचार सहयोग कार्यक्रम | ChangeDiscrimination | IndirectlySupportive-2 | 500,000 |
| ९ | 13.05 विपद् प्रभावित सहयोग कार्यक्रम | RaiseVoice | IndirectlySupportive-2 | 500,000 |
| १० | 13.06 मनोरन्जन कला साहित्य तथा संस्कृति संरक्षण सहयोग कार्यक्रम | ChangeDiscrimination | IndirectlySupportive-2 | 500,000 |
| १२ | 13.07 संघसंस्था सहयोग कार्यक्रम | RaiseVoice | IndirectlySupportive-2 | 500,000 |
| १३ | 13.09 खानेपानी तथा सरसफाई कार्यक्रम | ChangeDiscrimination | IndirectlySupportive-2 | 600,000 |
| १४ | महिला बालबालिका तथा ज्येष्ठ नागरिक कार्यक्रम | LivelihoodEmpowerment | DirectlySupportive-1 | 500,000 |
| १५ | न्यायिक समिति तथा मेलमिलाप लक्षित कार्यक्रम | RaiseVoice | IndirectlySupportive-2 | 500,000 |
| १६ | 13.12 महिला सुरक्षित आवास गृह सञ्चालन व्यवस्थापन | LivelihoodEmpowerment | DirectlySupportive-1 | 300,000 |
| १७ | 13.13 हिंसा पिडित महिला जिविकोपार्जन सहयोग कार्यक्रम | LivelihoodEmpowerment | DirectlySupportive-1 | 500,000 |
| १८ | 13.14 बालमैत्री वडा घोषणा कार्यक्रम | RaiseVoice | IndirectlySupportive-2 | 206,000 |
| १९ | 13.14 बालमैत्री वडा घोषणा कार्यक्रम | RaiseVoice | IndirectlySupportive-2 | 794,000 |
| २२ | 13.25 दश शैयाँ अस्पताल निर्माणका लागि जग्गा सोधभर्ना | NotRelevant | Nutral-3 | 1,000,000 |
| २३ | 13.35 विभिन्न स्वास्थ्य शिविर साझेदारी | NotRelevant | Nutral-3 | 500,000 |

| | | | | |
|---|---|---|---|---|
| २५ | 13.36 लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि मनोसामाजिक सहयोग साझेदारी | RaiseVoice | IndirectlySupportive-2 | 1,400,000 |
| २६ | 13.37 अपाङ्गता सम्वन्धि साझेदारी प्रदेश सरकारसँग | LivelihoodEmpowerment | IndirectlySupportive-2 | 1,500,000 |
| २७ | 13.38 मेचि आँखा अस्पताल साझेदारी | NotRelevant | Nutral-3 | 100,000 |
| २८ | 13.39 समृद्धि आयोजनासँगको साझेदारी | RaiseVoice | IndirectlySupportive-2 | 300,000 |
| २९ | 13.40 बहुक्षेत्रीय पोषण कार्यक्रमसँग साझेदारी | LivelihoodEmpowerment | IndirectlySupportive-2 | 300,000 |
| ३१ | 13.45 घर नक्सा तथा वस्ती विकास कार्यक्रम | NotRelevant | Nutral-3 | 100,000 |
| ३२ | 13.15 कोल्ड स्टोर व्यवस्थापन तथा सञ्चालनका लागि विद्युत महशुल र कर्मचारी पारिश्रमिक | NotRelevant | Nutral-3 | 1,000,000 |
| ३४ | 13.31 भारतीय दुतावाससँग विद्यालय निर्माण साझेदारी | NotRelevant | Nutral-3 | 14,100,000 |
| ३५ | 13.72 वडा नं ८ को प्रशासनिक भवन निर्माण | NotRelevant | Nutral-3 | 5,300,000 |
| ३७ | भौतिक पूर्वाधार योजनाहरुको परीक्षणका लागि ल्याव सामग्री खरिद तथा सेट अप | NotRelevant | Nutral-3 | 1,000,000 |
| ३८ | 13.64 सरस्वती आ.वि.एबिसिमा फर्निचर खरिद सहयोग वडा नं. ३ | NotRelevant | Nutral-3 | 100,000 |
| ३९ | बेलका २ को रामनगर आधारभूत विद्यालयलाई डेक्स बेन्च खरिद | NotRelevant | Nutral-3 | 100,000 |
| ४० | 13.43 रामपुर खानेपानी आयोजना डिपिआर तयारी | NotRelevant | Nutral-3 | 1,500,000 |
| ४१ | 13.28 संघीय सरकारसँग समपुरक आयोजनाको साझेदारी कार्यक्रम | NotRelevant | Nutral-3 | 14,500,000 |
| ४३ | 13.30 सडक वोर्डसँग साझेदारी | NotRelevant | Nutral-3 | 1,500,000 |
| ४५ | 13.46 सडक तथा पुल निर्माण तथा मर्मत संभार | NotRelevant | Nutral-3 | 1,000,000 |
| ४८ | 13.47 वडा स्तरीय सडक मर्मत | NotRelevant | Nutral-3 | 1,000,000 |
| ४९ | 13.48 प्रशासनिक भवन नजिक कल्भर्ट निर्माण | NotRelevant | Nutral-3 | 1,000,000 |
| ५० | 13.57 राधाकृष्ण मन्दिरबाट मदन भणडारी राजमार्ग सडक स्तरोन्नती वडा नं ८ साझेदारी | NotRelevant | Nutral-3 | 1,000,000 |
| ५१ | 13.66 जोगिनी खोला देखि निकालिएको सानो कुलो मर्मत योजना वडा नं ३ | RaiseVoice | Nutral-3 | 176,000 |
| ५२ | 13.67 बेलका ७ को विभिन्न सडक मर्मत | NotRelevant | Nutral-3 | 500,000 |
| ५३ | 13.69 खमारे कृषि सडक बेलका ७ | NotRelevant | Nutral-3 | 138,000 |
| ५४ | 13.70 दिपज्योति बाल विकास केन्द्र देखि पश्चिम भोर्लागाछी आउने नयाँ ट्र्याक निर्माण बेलका ९ | NotRelevant | Nutral-3 | 200,000 |

| | | | | |
|---|---|---|---|---|
| ५५ | 13.71 तारजाली खरिद बेलका ९ | NotRelevant | Nutral-3 | 200,000 |
| ५६ | 13.73 उचाल्ने ढुङ्गा लामिडाडा पुवारेथुम्का घारेघाट नाली तथा सडक मर्मत | NotRelevant | Nutral-3 | 439,000 |
| ५८ | 13.19 तारजाली खरिद | NotRelevant | Nutral-3 | 1,200,00<br>0 |
| ५९ | 13.20 ह्युमपाइप खरिद | NotRelevant | Nutral-3 | 1,200,00<br>0 |
| ६० | 13.22 खहरे खोला नियन्त्रण | NotRelevant | Nutral-3 | 200,000 |
| ६१ | 13.08 बाक्सिखोप खानेपानी आयोजना | NotRelevant | Nutral-3 | 100,000 |
| ६३ | 13.68 बेलका ७ को खानेपानी पाइप खरिद | NotRelevant | Nutral-3 | 400,000 |
| ६४ | 13.16 वन पार्क हरियाली नदी नियन्त्रण तथा भूसंरक्षण कार्यक्रम | NotRelevant | Nutral-3 | 200,000 |
| ६६ | 13.18 विपद् व्यवस्थापन कोष | LivelihoodEmpowerment | IndirectlySupportive-<br>2 | 1,800,00<br>0 |
| ६७ | 13.21 वन तथा फलफुलजन्य नर्सरी स्थापना | NotRelevant | Nutral-3 | 200,000 |
| ६८ | 13.63 ठोक्सिला कटारी खानेपानी तथा सरसफाई बेलका ४ | NotRelevant | Nutral-3 | 100,000 |
| ६९ | 13.29 प्रदेश सरकारसँग समपुरक आयोजनाको साझेदारी | NotRelevant | Nutral-3 | 2,916,00<br>0 |
| ७० | 13.29 प्रदेश सरकारसँग समपुरक आयोजनाको साझेदारी | NotRelevant | Nutral-3 | 1,084,00<br>0 |
| ७२ | 13.44 नगरसभा हल वडा सभाहल निर्माण सहयोग व्यवस्थापन | NotRelevant | Nutral-3 | 500,000 |
| ७३ | 13.50 नगर परिषरमा शहिद पार्क तथा बाल उद्यान निर्माण | RaiseVoice | IndirectlySupportive-<br>2 | 700,000 |
| ७४ | 13.51 मलामी घर निर्माण बेलका २ | NotRelevant | Nutral-3 | 1,000,00<br>0 |
| ७६ | 13.53 बेलका कभर्ड हल निर्माण साझेदारी | NotRelevant | Nutral-3 | 1,800,00<br>0 |
| ७७ | 13.54 वडा नं १ को भवनको तला थप साझेदारी | NotRelevant | Nutral-3 | 500,000 |
| ७८ | 13.55 वडा नं ४ को प्रशासनिक भवन घेराबेरा | NotRelevant | Nutral-3 | 700,000 |
| **७९** | **13.56 बेलका महिला उद्यमीहरुको साझा भवन निर्माण साझेदारी बेलका १** | **LivelihoodEmpowerment** | **DirectlySupportive-<br>1** | **300,000** |
| **८०** | **13.58 वडा नं ९ कार्यालय भवन तला थप साझेदारी** | **NotRelevant** | **Nutral-3** | **500,000** |
| ८१ | 13.59 कागति सालिक निर्माण बेलका ६ साझेदारी | NotRelevant | Nutral-3 | 250,000 |
| ८२ | 13.60 वडा नं ६ को सडक मर्मत विपदजन्य | NotRelevant | Nutral-3 | 100,000 |
| ८३ | 13.61 वडा नं ६ को सेवाकेन्द्र घेराबेरा साझेदारी | NotRelevant | Nutral-3 | 250,000 |
| ८४ | 13.62 जागिरामथानी आधारभुत विद्यालय छाना तथा प्लास्टर बेलका ७ | NotRelevant | Nutral-3 | 250,000 |
| ८५ | 13.65 भाटेपुलबाट जुलेफि टोलसम्म जाने बाटो स्तरोन्नती वडा नं ३ | NotRelevant | Nutral-3 | 300,000 |

| | | | | |
|---|---|---|---|---|
| ८६ | आम्वासी सहरी स्वास्थ्य केन्द्र मर्मत | NotRelevant | Nutral-3 | 300,000 |
| ८७ | नगर परिषरमा वाल पुस्तकालय तथा स्तनपान कक्ष निर्माण/मर्मत सम्भार | ChangeDiscrimination | IndirectlySupportive-2 | 300,000 |
| ८८ | मैनामैनीमा प्रहरी चौकी स्थापना सहयोग | NotRelevant | Nutral-3 | 200,000 |
| ८९ | माझि जातिको देवालय निर्माण | NotRelevant | Nutral-3 | 300,000 |
| ९० | 13.27 पुँजीगत अनुसन्धान तथा परामर्श खर्च | NotRelevant | Nutral-3 | 1,200,000 |
| ९१ | 13.42 विभिन्न डिपिआर वातावरणीय तथा सम्भाव्यता अध्ययन | **NotRelevant** | **Nutral-3** | 500,000 |
| **८०११९४०४१०३ बेलका शिक्षा कार्यक्रम** | | | | |
| ९३ | 15.08 शिक्षक अनुदान सहायता | NotRelevant | Nutral-3 | 9,800,000 |
| ९४ | 15.19 नगर इसिडि शिक्षक तलव चाडपर्व खर्च समेत नयाँ ३ थप समेत | NotRelevant | Nutral-3 | 1,800,000 |
| ९५ | 15.18 पोषाक | NotRelevant | Nutral-3 | 500,000 |
| ९६ | 12.30 विद्यालय प्रोत्साहन सबै तह | NotRelevant | Nutral-3 | 150,000 |
| ९७ | 15.01 सदा मरिक लगायत समुदायका वस्तीमा कोचिङ्ग कक्षा सन्चालन | RaiseVoice | IndirectlySupportive-2 | 200,000 |
| ९८ | 15.03 अभिभावक शिक्षा बालमैत्री वडा घोषणा गर्ने वडामा | RaiseVoice | IndirectlySupportive-2 | 100,000 |
| ९९ | 15.04 तालिम र व्यवस्थापन ECD / IEMIS | NotRelevant | Nutral-3 | 200,000 |
| १०० | 15.05 NASA test ३ र ५ कक्षा एक पटक | NotRelevant | Nutral-3 | 60,000 |
| १०१ | 15.06 प्रश्न पत्र बैंक निर्माण र वितरण कक्षा 5 र ८ | NotRelevant | Nutral-3 | 60,000 |
| १०२ | 15.07 अर्धवार्षिक र वार्षिक बुलेटिन प्रकाशन र शैक्षिक क्यालेण्डर निर्माण | NotRelevant | Nutral-3 | 100,000 |
| १०३ | 15.09 विव्यस अध्यक्ष र प्रअलाई समसामयिक मुद्दामा सचेतिकरण | NotRelevant | Nutral-3 | 50,000 |
| १०४ | 15.10 शिक्षा दिवस बाल दिवस लगायत समारोह | RaiseVoice | IndirectlySupportive-2 | 50,000 |
| १०५ | 15.11 विद्यार्थीसँग जनप्रतिनिधि कार्यक्रम | NotRelevant | Nutral-3 | 50,000 |
| १०६ | 15.13 शिक्षासँग सम्वन्धित बैठक अतिथि सत्कार र व्यवस्थापन कार्यक्रम | NotRelevant | Nutral-3 | 200,000 |
| १०७ | 15.14 शिक्षा शाखा व्यवस्थापन | NotRelevant | Nutral-3 | 200,000 |
| १०८ | 15.15 शिक्षक व्यवस्थापन पुरन्दह र जनता मावि कान्चिराङ्ग | NotRelevant | Nutral-3 | 1,500,000 |
| १०९ | 15.16 स्काउटिङ्ग | NotRelevant | Nutral-3 | 80,000 |
| ११० | 15.17 सबै सामुदायिक माविमा कोचिङ्ग कक्षा सञ्चालन कक्षा - 10 | NotRelevant | Nutral-3 | 500,000 |
| १११ | 15.20 नगर शिक्षाको आवधिक योजना निर्माण | NotRelevant | Nutral-3 | 300,000 |
| ११२ | 15.22 कक्षा ८ परीक्षा सञ्चालन तथा व्यवस्थापन | NotRelevant | Nutral-3 | 300,000 |

| | | | | |
|---|---|---|---|---|
| ११३ | 15.23 प्राविधिक उच्च शिक्षा अध्ययनरत छात्रवृत्ति | LivelihoodEmpowerment | DirectlySupportive-1 | 800,000 |
| **११४** | **15.24 विज्ञान शिक्षक व्यवस्थापन** | **NotRelevant** | **Nutral-3** | **1,000,000** |
| **११५** | **15.25 क्याम्पस सञ्चालन अनुदान** | **NotRelevant** | **Nutral-3** | **400,000** |
| ११६ | 15.27 प्रअ बैठक तथा व्यवस्थापन | NotRelevant | Nutral-3 | 200,000 |
| ११७ | 15.28 स्थानीय पाठ्यक्रम कक्षा १-३ सन्दर्भ सामग्री | NotRelevant | Nutral-3 | 900,000 |
| ११८ | 15.29 सहयोगी कार्यकर्ता कार्यालय सहयोगी विद्यालय कर्मचारी र CLC समेत | ChangeDiscrimination | IndirectlySupportive-2 | 8,700,000 |
| ११९ | 15.31 सिएलसी सँगको कार्यक्रम | RaiseVoice | IndirectlySupportive-2 | 150,000 |
| १२० | 15.32 राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम सञ्चालन साझेदारी | NotRelevant | Nutral-3 | 200,000 |
| १२१ | 15.33 बालमैत्री कक्षा कोठा सामग्री खरिद | RaiseVoice | IndirectlySupportive-2 | 200,000 |
| १२२ | 15.34 नगर युवा तथा खेलकुद | NotRelevant | Nutral-3 | 1,000,000 |
| १२३ | 1521 अवलोकन भ्रमण | NotRelevant | Nutral-3 | 150,000 |
| १२४ | 15.12 विद्यालयको अनुगमन मूल्यांकन कार्यक्रम | NotRelevant | Nutral-3 | 200,000 |
| १२५ | 15.02 भौतिक व्यवस्थापन | NotRelevant | Nutral-3 | 2,000,000 |
| १२६ | 15.26 खानेपानी र जस्तापाता | NotRelevant | Nutral-3 | 400,000 |
| ८०१११४०४१०४ बेलका कृषि विकास कार्यक्रम | | | | |
| १२७ | 21.07 कृषि समिति तथा आर्थिक समिति र उर्जा समितिको बैठक | NotRelevant | Nutral-3 | 200,000 |
| १२८ | 21.05 कृषि सन्चार महशुल सुचना टेलिफोन तथा ईन्टरनेट सुविधा | NotRelevant | Nutral-3 | 50,000 |
| १२९ | 21.04 कृषि प्राविधिकहरुलाई विभिन्न क्षमता अभिबृद्धि हुने तालित सन्चालन | NotRelevant | Nutral-3 | 50,000 |
| १३० | 21.02 नगर परिषरमा कृषि सिकाई केन्द्र सञ्चालन | NotRelevant | Nutral-3 | 40,000 |
| १३१ | 21.01 लहरे वाली तथा विभिन्न तरकारीको विउ विजन वितरण ७५ प्रतिशत अनुदान | NotRelevant | Nutral-3 | 150,000 |
| **१३२** | **21.03 करार खेति प्रवर्धन** | **NotRelevant** | **Nutral-3** | **120,000** |
| १३३ | 21.08 किसानहरुलाई टनल तथा मल्चिङ्ग प्लास्टिक वितरण (50 प्रतिशत अनुदान) | NotRelevant | Nutral-3 | 400,000 |
| १३४ | 21.09 साना सिचाइ विकास कार्यक्रम निर्माण मर्मत संभार मोटर तथा पाइप 60 प्रतिशत अनुदानमा वितरण | NotRelevant | Nutral-3 | 700,000 |
| १३५ | 21.10 कार्यक्रम अनुगमन मूल्यांकन तथा प्रतिवेदन | NotRelevant | Nutral-3 | 100,000 |
| १३६ | 21.11 सामग्री ढुवानी इन्धन सञ्चार कार्यालय व्यवस्थापन तथा सञ्चालन | NotRelevant | Nutral-3 | 90,000 |
| १३७ | 21.06 नागरिकको समस्या नगरको प्रतिवद्धता सहायता | NotRelevant | Nutral-3 | 100,000 |
| ८०११४०४१०५ बेलका स्वास्थ्य कार्यक्रम | | | | |
| १३८ | 14.17 वर्थिङ्ग सेन्टरमा कार्यरत २४ घण्टे अनमीको तलव भत्ता तथा | NotRelevant | Nutral-3 | |

| | | | | |
|---|---|---|---|---|
| | पोषाक | | | 350,000 |
| **१३९** | **14.18 स्वास्थ्य चौकी मैनामैनीमा कार्यरत करारका अनमीको तलव भत्ता र पोषाक** | **NotRelevant** | **Nutral-3** | **350,000** |
| **१४०** | **14.33 मृगौला प्रत्यारोपण गरेका डाइलाइसिस गरिरहेका क्यान्सर रोगी तथा मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार खर्च** | **NotRelevant** | **Nutral-3** | **100,000** |
| १४१ | 14.28 उत्कृष्ट स्वास्थ्य संस्था तथा उत्कृष्ट काम गर्ने कर्मचारीलाई प्रोत्साहन स्वरुप पुरस्कार वितरण | NotRelevant | Nutral-3 | 30,000 |
| १४२ | 14.27 स्वास्थ्य शाखा फिल्ड प्रयोजनका लागि इन्धन खर्च | NotRelevant | Nutral-3 | 100,000 |
| १४३ | 14.12 नगरभित्र रहेका स्वास्थ्य संस्थाहरुको लागि औजार उपकरण खरिद | NotRelevant | Nutral-3 | 100,000 |
| १४४ | 14.26 स्वास्थ्य कार्यक्रमहरुको फर्म फर्म्याट छपाई | NotRelevant | Nutral-3 | 100,000 |
| १४५ | 14.30 वर्थिङ्ग सेन्टरका लागि SBA तालिम तथा पृष्ठपोषण कार्यक्रम | ChangeDiscrimination | IndirectlySupportive-2 | 50,000 |
| १४६ | 14.01 महामारी तथा दैवी प्रकोप रोकथाम तथा नियन्त्रण | NotRelevant | Nutral-3 | 1,000,000 |
| **१४८** | **14.03 पञ्चकर्म स्नेहन स्वेदन शिरोधरा अभ्याङ्ग** | **NotRelevant** | **Nutral-3** | **50,000** |
| **१४९** | **14.04 सर्पदंश उपचार केन्द्र व्यवस्थापन कार्यक्रम** | **NotRelevant** | **Nutral-3** | **100,000** |
| १५० | 14.05 जेष्ठ नागरिकका लागि रक्तचापका विरामीलाई वर्षैभरी निशुल्क औषधी | ChangeDiscrimination | IndirectlySupportive-2 | 100,000 |
